**नेवा सेकुवा पसः**

यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज

मो. ९८४५०६१६०२



यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com






Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095



❖ वर्ष ३५ ❖ २०७८ असोज २४ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 October 10 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ५३


## भारतीय पर्यटकको सङ्ख्या प्रतिदिन बढ्दो

राधेश्याम पटेल, परवानीपुर, २३ असोज/

सरकारले नेपाल-भारत सीमा खोलेसँगै वीरगंज नाकाबाट भारतीय पर्यटकहरू आउने क्रम बढेको छ ।

असोज १५ गतेदेखि नाका खोलिएको र दैनिक सयौंका सङ्ख्यामा भारतीय पर्यटक आइरहेको वीरगंज भन्सारका कर्मचारीले बताए ।

भारतीय गाडीको प्रवेशमा वृद्धि भएकाले राजस्व बुझ्न अहिले भ्याइनभ्याइ भएको भन्सार कर्मचारीहरू बताउँछन् ।

वीरगंज भन्सारका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलका अनुसार अहिले दैनिक सयभन्दा बढी भारतीय चार पाङ्ग्रे सवारीसाधन भित्रिरहेका छन् भने दुई पाङ्ग्रे मोटरसाइकल र स्कूटी करीब चार सयको सङ्ख्यामा नेपाल भित्रिरहेका छन् ।

रक्सौल हुँदै वीरगंज भित्रिने ३० प्रतिशत भारतीय गाडी वीरगंजमा घुमफिर र किनमेल गरी फर्किने गर्छ भने ७० प्रतिशत गाडी हेटौंडा, सौराहा, पोखरा, जनकपुर र काठमाडौंतर्फ जान्छ ।

करीब १८ महीनापछि विदेशी पर्यटकलाई गाडीसहित नेपाल प्रवेशको अनुमतिले भारतीय पर्यटकहरूको



तस्वीरः प्रतीक

आवागमन बढेको हो ।

रक्सौल भित्रिने गाडीहरूमा वीरगंज मात्र प्रवेश गरी फर्किने सवारीसाधनलाई सुविधायुक्त हिसाबले मात्र इन्ट्री गरी प्रवेश गराइएको छ भने नेपालका अन्य ठाउँमा जाने गाडीमध्ये मोटरसाइकललाई दिनको रु एक सय पचास रुपैयाँ र चार पाङ्ग्रे कार, जीप भ्यानलाई दिनको रु ५ सयको दरले भन्सार शुल्क काट्ने गरिएको छ ।

दशैंमा भन्सार कार्यालयका केही कर्मचारी बिदामा घर गएकाले भन्सार शुल्क काट्न अहिले समस्या भएको छ ।

भारतीय गाडीको वीरगंज भन्सारको मूल गेटमा बिहान ५ देखि साँझ ५ बजेसम्म लाइन लाग्ने गरेको छ । तर भन्सार शुल्क काट्ने समय बिहान ९ देखि साँझ ५ बजेसम्म मात्र छ ।

केही भारतीय पर्यटक साँझ वीरगंज पुगेपछि भन्सार काट्न नसकेर रक्सौलकै होटलमा बस्न बाध्य छन् ।

भारतीय पर्यटकहरूले राति १० बजेसम्म भन्सार शुल्क काट्ने सुविधा दिइनुपर्ने माग गरेका छन् ।

## ९७ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २३ असोज/

ग्यालेक्सी फिटनेश सेन्टरले



परवानीपुर गाउँपालिका बारामा आयोजना गरेको रक्तदान कार्यक्रममा ९७ जनाले रक्तदान गरेका छन् ।

रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले अनिल पण्डित, वसिम अख्तर, नौसाद अन्सारी, मेघराज सहनी, जियाउल हक, अजय साह, साजिद हवारी, शिवम गुप्ता, राकेश दास, दीपेश मण्डललगायत ९७ जनाले रक्तदान गरेको बताए ।

## बढ्दो महँगीमा धानको मोल घट्दा किसानहरू निराश

ओमप्रकाश चौधरी, सेढवा, २३ असोज/

कोभिड महामारीपछि अहिले दैनिक उपभोग्य वस्तुहरूको मोल आकाशिएको छ भने त्यहीं किसानहरूको उत्पादन भदई धानको मोल भने घटेको छ ।

त्यस्तै, धानको गुणस्तरको आधारमा थोकमा भने रु १८-१९ प्रतिकिलोको दरमा खरीद-बिक्री भइरहेको किसानहरूले बताए ।

मूल्य घटेको कारण किसान निराश भएको बताए । उनले धान उत्पादनका लागि ट्याक्टरबाट खेत जोताइ, कीटनाशक औषधि, रासायनिक मल,



बिक्रीका लागि बोरामा राखिएको धान । तस्वीरः प्रतीक

पटेर्वासुगौली गाउँपालिका-३ का रामजीत चौधरीले गत वर्ष भदई तथा सारो जातको धानको मूल्य रु २० प्रतिकिलोको दरमा शुरू भएको तर यस वर्ष किसानको उत्पादनको मूल्य बढ्नुको साटो घटेको गुनासो गरे । उनले अहिले ग्रामीण भेगमा खुलारूपमा भदई मन्सुली रु १६-१७ प्रतिकिलोको दरमा बिक्री भइरहेको बताए ।

पेट्रोलियम पदार्थ, लत्ताकपडा, भाँडाबर्तन, दैनिक उपभोग्य सामानको मूल्य जहाँ आकाशिएको छ त्यहीं किसानको ढाड सेकिएको छ । उनीहरूले दिनरात मेहनत गरेर उत्पादन गरेको धानको मूल्य घट्दा उनीहरूमा निराशा छाएको छ ।

जीराभवानी गापा-१ बलुवा निवासी किसान प्रभु मुखिया बिनले कृषिजन्य पदार्थको मूल्य वृद्धि भएको तर उत्पादनको बीउबिजनको प्रयोग गर्दा सबैजसोको दररेट वृद्धि हुँदै आएको तर किसानको उत्पादन धानको मोल भने घट्नुले चिन्ता बढेको बताए । यथावस्थामा किसानहरू पेशाबाट पलायन हुन सक्ने उनले बताए । उनले धानको उत्पादन बढेसँगै व्यापारीहरूले मोल घटाएर किसानलाई घटेको दरमा बिक्री गर्न बाध्य पारेको आरोप लगाए ।

प्रायः किसानहरूसँग बढी उत्पादन सञ्चय गर्ने क्षमता नभएको र धेरैजसोले धान बिक्री गरेर गुजारा गर्नुपर्ने बाध्यता भएकोले व्यापारीहरूले किसानमारा काम गरेको उनले बताए ।

ठोरी गापा-५ क्षत्रीलाइनका किसान बलराम कोर्मोचाका अनुसार स्थानीय, प्रदेश तथा सङ्घ सरकारले समयमा बीउबिजन, रासायनिक मल तथा कीटनाशक औषधिको व्यवस्था नगरेको हुँदा किसानहरूले सास्ती भोग्नुपरेको बताए । उनले गत वर्षको तुलनामा यस वर्ष कम मोलमा धान बिक्री गर्नुपरेको भन्दै यथावस्थामा धेरै किसानले पेशा परिवर्तन गर्न सक्ने बताए ।


भ्रष्टाचारीलाई तिरस्कार र इमानदारीलाई पुरस्कार संस्कृतिको विकास गरौं । घूस लिने र दिने दुवै उत्तिकै दोषी हुन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड





निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com





## विचारसार र सूक्तिहरू

**जीत उसको हो जो नम्र छ, जो झुक्दछ। जीत उसको हो जो सेवक बन्दछ र विरोधीलाई क्षमा गर्न सक्छ। जीत उसको हो जो शान्त रहन्छ र अरूको भलो चाहन्छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# जीवनोपयोगी कुरा

– यदि केही माग्दै भगवान्को भक्ति गर्छौ भने भगवान्ले त्यत्तिकै दिनेछन्, जति तिमीले मागेका थियौ, तर यदि नमागीकन (निस्स्वार्थ भावले) भक्ति गर्छौ भने भगवान्ले यतिधेरै दिन्छन् कि तिमीले सम्हाल्न सक्दैनौ।

– ईश्वरले हामीलाई त्यो दिंदैनन्, जुन हामीलाई राम्रो लाग्छ, अपितु त्यो दिन्छन्, जुन हाम्रोलागि राम्रो हुन्छ।

– मनुष्यले केवल धर्म कमाउने प्रयत्न गर्नुपर्छ, किनभने जहाँ धर्म (नारायण) छ, त्यहाँ धन (लक्ष्मी) स्वतः आइपुग्छिन्।

– जसलाई प्रभुमाथि दृढ विश्वास छ, उसको लागि ज्योतिष आदि शास्त्रको कुनै महत्त्व हुँदैन, किनभने उसको त तीन काल (वर्तमान, भूतकाल एवं भविष्य) स्वयम् भगवान्ले सम्हाल्छन्।

– कुनै अभावग्रस्तलाई हेरेर न हास, किनभने लक्ष्मी कहिल्यै स्थिर रहँदिनन्। कुँवाबाट जल निकाल्ने क्रियालाई घण्टौंसम्म हेर, जुन खाली हुन्छ, त्यो भर्दै जान्छ तथा जुन भरिएको हुन्छ, त्यो खाली भइरहन्छ।

– राम्रा कार्य गर्नेहरू धेरै भेटिन्छन् तर नराम्रा कार्य नगर्नेहरू कम भेटिन्छन्। वास्तवमा गर्ने योग्य कामको अपेक्षा निषिद्ध कामलाई त्याग गर्नु नै श्रेष्ठ हो।

– जसरी सूर्यदेव उदयकाल र अस्तकाल दुवै समय रक्तवर्णका हुन्छन्, त्यसै प्रकार मनुष्य पनि सुख-दुःख र सम्पत्ति-विपत्तिमा एकै प्रकारले रहनुपर्छ।

– अरूको दोष बुझेर पनि त्यसलाई अन्य व्यक्तिको अगाडि कहिल्यै प्रकट गर्नुहुँदैन।

– पराया धनको लोभ नगर्नु, मर्यादालाई कहिल्यै भङ्ग हुन नदिनु, नीचको सङ्गत नगर्नु, विपत्तिमा धैर्य राख्नु तथा सम्पत्तिमा विनीत हुनु-यी सब प्रसन्नताका निश्चित हेतु हुन्।

– बढी खर्चिलो जीवनशैलीले मनुष्यलाई रुपैयाँको दास बनाइदिन्छ, जसबाट कैयौं प्रकारका पाप गर्नुपर्छ।

– विद्याहीन मनुष्य रूप एवं यौवनबाट सम्पन्न तथा उच्च कुलीन भएपनि विद्वान्को सभामा शोभा पाउन सक्दैन।

– धनबाट हीन लिएर ज्ञानवान् मनुष्य कहिल्यै गरीब हुँदैन, तर त्यो धनवान्, जोसँग ज्ञान छैन, हरेक प्रकारले गरीब हुन्छ।

– यो निश्चित छ कि जसले हाम्रोअगाडि अरूको निन्दा गर्छ, उसले अरूको अगाडि हाम्रो निन्दा अवश्य गर्नेछ। यसै कारण अरूको निन्दा र गलतीलाई सुन्नमा समय नष्ट न गर।

– सम्पत्ति, सन्तान र विद्या-यी सबैको प्राप्तिपछि मनुष्य सावधान रहनुपर्छ, किनभने यसको प्राप्तिबाट अहङ्कार बढ्छ।

– आफ्नो अज्ञानताको अनुभूति भएपछि ज्ञानको दिशामा बढ्नु एउटा ठूलो पाइला हो।

– उपकारभन्दा ठूलो कुनै धर्म छैन तथा अपकारभन्दा ठूलो कुनै पाप होइन।

– अभिमानले मनुष्यलाई कहिल्यै उठ्न दिंदैन तथा स्वाभिमानले मनुष्यलाई कहिल्यै खस्न दिंदैन।

– अधर्मबाट मनुष्य पहिले त एकपटक बढ्छ र आफ्ना साना-ठूला शत्रुमाथि धनको बलबाट विजय प्राप्त गर्छ तर अन्त्यमा त्यो देह, धन, सन्तान र परिवारसहित समूल नष्ट हुन पुग्छ।

– मोक्षप्राप्तिमा वर्ण, आश्रम एवं जातिको प्रधानता बिल्कुल नै छैन, अपितु सद्गुण, सदाचार, ईश्वरभक्ति एवं ज्ञान नै प्रधान हो।

– सन्तानलाई सम्पत्तिको साथै संस्कार पनि दिनुस्, किनभने सुसंस्कारित सन्तानले नै सम्पत्तिको सदुपयोग गर्न सक्छ।

– जीवनमा आउने दुःखलाई समस्या नबुझ बरु यसलाई जीवनको तपस्या बुझेर स्वीकार गर।

## काशीमा गङ्गालाभबाट मुक्ति

काशीमा एक साध्वी वृद्धा विधवा बस्थिन्। उनी 'खालिसपुराकी माँ' भनेर चिनिन् थिइन्। सबै प्रकारबाट सम्बलहीन भएर केवल धर्ममाथि निर्भर भई उनी काशीसेवन गर्थिन्। उनी धार्मिक जीवनमा धेरै उच्च भूमिकामा स्थित थिइन्। केही समयसम्म उनको नजीक रहँदा वा उनको वाक्य सुन्दा मन एक अपूर्य धर्मभावले पूर्ण हुन्थ्यो। उनको जीवनको निम्नलिखित घटना कैयौंका मुखबाट सुनिन्छ। त्यसलाई उनकै शब्दमा यहाँ प्रस्तुत छ-

"त्यति बेला मेरो स्वामी जीवित थिए। एक बूढी बिरालो कतैबाट आएर हाम्रो घरमा बस्न थालिन्। त्यसको विशेषता थियो- हामीसँग निरामिष आहार गर्थिन्, मासु खाने लोभमा बिरालो अन्तै कतै गइनँ एवं एकादशीको दिन पनि केही खाँदिनथिई। बढीजसो मेरोनजीक बस्थिन्। कालक्रमले त्यस बिरालोको मृत्यु भयो र त्यसलाई सडकको एकातर्फ फालें, ताकि डोमले उठाएर लैजाओस्। तर मैले सोचें कि डोमले त्यसलाई कता लगेर फाल्नेछ ? यस्तो हिंसाशून्य सद्गुणी बिरालो मैले कतै देखेकी थिइनँ, के यसको शव गङ्गामा फाल्न सकिंदैन ?

स्वामीलाई जब मैले यो भनें उनी रिसाए। विनाकारण एक दुर्गन्धमय मृत पशुलाई लैजानु ठीक होइन, तर मेरो हृदयको वेदनालाई अनुभव गरेर उनी तयार भए। मैले बिरालोलाई रातो कपडाको टुक्रामा बेरेर दिएँ। स्वामीले बिरालोलाई गङ्गामा बगाएर आएपछि मसँग भने- "बिरालोले तिम्रो मनले चाहेको गङ्गाप्राप्ति गऱ्यो।" यस घटनाको ५-६ दिनपछि अकस्मात् एक दिव्य मनुष्याकृति सधवा रमणी, रातो साडी लगाएकी थिइन् र सिउँदो सिन्दुरले भरिएको थियो, मेरोनजीक आएर बसिन्। मैले सोधें- "बहिनी ! को हौं तिमी ?" उनले भनिन्- "म त्यही बिरालो हुँ, जसलाई तिमीले दया गरेर गङ्गामा प्रवाहित गरेकी थियौं, अब म मुक्त भएर आएकी छु, यसै कारण तिमीसँग भेट्न आएँ।" यति भनेर उनी तुरुन्त अन्तर्ध्यान भइन्। म आफ्नो आसनमा बसिरहें। मैले देखें, कतिऔं देवीदेवता उसको आगमनको प्रतीक्षामा बसेका छन्, थाहा छैन कुन पापले बिचरी कतिऔं दिनसम्म बिरालोको योनीमा बस्नुपऱ्यो।"

# सस्तो विद्युत् विकासको आधार

समयान्तर




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**विद्युत् निर्यात गरेर धनी बन्ने कि विद्युत् खपत स्वदेशभित्रै गराइ औद्योगिक विकासतर्फ लम्कने भन्ने विषयमा विवाद भएपनि स्वदेशमा खपत बढाउनु नै सर्वोत्तम उपाय हो। यो उपाय प्रतिस्पर्धी अर्थतन्त्र निर्माणमा महत्त्वपूर्ण आधार बन्नेछ।**

हामीले लक्ष्यमा राखेको आर्थिक विकासका लागि अबको करीब १० वर्षमा ३०३ खर्ब रुपैयाँ अतिरिक्त लगानीको खाँचो छ। राष्ट्रिय योजना आयोगको यो तथ्याङ्कलाई आधार मान्दा हामीलाई वैदेशिक लगानीमा केन्द्रित नभई हुँदैन। विकासका लागि लगानी चाहिए जस्तै लगानीका लागि लगानीमैत्री वातावरणको खाँचो पर्दछ। कुनै पनि देशमा लगानीका आआफ्नै खास क्षेत्र र आकर्षण हुन्छन्। नेपालमा बाहिरको लगानी किन आकर्षित हुने ? यसका आधार चाहिन्छन्। नेपालको उत्पादन प्रतिस्पर्धी बन्ने आधार नभएसम्म बाहिरको लगानी आउने बलियो आधार निर्माण हुँदैन। नेपालले प्रतिस्पर्धी अर्थतन्त्र निर्माणका आधारहरू निर्माण गर्न सक्ने क्षेत्रहरू के के हुन् ? त्यसको पहिचान हुनुपर्दछ।

नेपाल जलस्रोतमा धनी मानिन्छ। अहिले ऊर्जा खेर जाने अवस्था आइसकेको छ। सस्तो ऊर्जा उत्पादन र त्यसको प्रत्याभूतिलाई नेपालले लगानी आकर्षणको आधार किन नबनाउने ? यसतर्फ अपेक्षित गृहकार्य तर परको कुरा, सही ढङ्गबाट बहससमेत हुन पाएको छैन। अमेरिकी विदेश मन्त्रालयले केही दिनअघि सार्वजनिक गरेको एउटा प्रतिवेदनले ऊर्जा, पर्यटन, सूचना तथा सञ्चार, पूर्वाधार, कृषिलगायतका क्षेत्रमा लगानीको सम्भावनालाई देखाएको थियो। तर प्रतिबद्धता खर्बौंमा आउँदा लगानी २/४ अर्बमा खुम्चिएको हाम्रो यथार्थता हो। यसको पछाडि कारण अरू नभएर हाम्रो उत्पादन लागत बढी हुनु नै मुख्य हो। लगानीकर्तालाई हामीले सस्तो ऊर्जा प्रदान गर्न सक्दा त्यो उत्पादन लागत घटाउने एउटा महत्त्वपूर्ण औजार बन्न सक्दछ।

सरकारी स्वामित्वको नेपाल विद्युत् प्राधिकरण यतिखेर विद्युत्को बजार खोजीमा भौंतारिइरहेको छ। केही वर्षअघिसम्म लोडसेडिङ खेप्दै आएकोमा अहिले बिजुली खेर जाने अवस्था आइपरेको छ। यस्तोमा स्वदेशमैं सस्तो बिजुली उपलब्ध गराउने र खपत बढाउने उपायमा किन तल्लीन नहुने ? यसमा सापेक्ष रणनीतिको अभाव छ। सरकार बिजुली सस्तो बनाउन छोडेर विद्युतीय चुलोमा अनुदानको कुरा गरिरहेको छ। विद्युत् महँगो भएसम्म चुलोमा अनुदान दिएर खपत बढ्न सक्दैन। यतिखेर प्राधिकरणका कार्यकारी अधिकृत कुलमान घिसिङ विद्युत् खेर गएको भन्दै भारतीय कम्पनीहरूसँग खरीदका लागि पहल गरिरहेका छन्।

त्यही बेला स्वदेशी उद्योगहरू विद्युत् नपाएर डिजल जेनेरेटर प्रयोग गर्न बाध्य छन्। लोडसेडिङ हटेको छ भनिए पनि नियमित र गुणस्तरीय आपूर्ति छैन। कतिसम्म भने सरकार स्वदेशी उद्योगलाई दिएको विद्युत् सहुलियत हटाएर बाहिरी बजारमा ग्राहक खोज्दै हिंडेको छ। विद्युत् खपत बढाउँदा त्यसको मूल्य अभिवृद्धिको सकारात्मक प्रभाव देशको अर्थतन्त्रमा पर्न जान्छ। यसमा सरकार आवश्यकता जति गम्भीर हुन सकेको देखिएको छैन।

भन्सार विभागको तथ्याङ्कलाई आधार मान्दा नेपालले ९२ रुपैयाँको आयात गर्दा निर्यात ८ रुपैयाँ मात्र गर्न सकेको छ। दुई दशकअघिसम्म निर्यातको योगदान २३ प्रतिशत थियो। विश्व बैंकको हालैको एउटा प्रतिवेदनमा नेपालको वार्षिक निर्यात क्षमता ९ अर्ब २० करोड डलरबराबर रहेको देखाएको छ। वास्तविक निर्यात भने एक अर्ब डलरको हाराहारीमा मात्र छ। अहिलेको आन्तरिक कच्चा पदार्थको प्रवर्द्धन र मूल्य अभिवृद्धिभन्दा भन्सार महसूल अन्तरमा भइरहेको चलखेलको परिमाणमा बढी हो। डुइङ बिजनेश सूचक २०२० मा नेपालले अघिल्लो वर्षको तुलनामा १६ स्थान माथि उक्लिएर ९४औं स्थान सुरक्षित गरेको छ तथ्याङ्क छ। तर व्यवसायको प्रक्रिया, पूँजीको महँगो लागत, न्यून गुणस्तरीय ऊर्जा, कर भुक्तानीको झन्झट, अधिक समय र अदृश्य खर्चजस्ता कुरामा सुधार देखिएको छैन। गत वर्ष नेपाल उद्योग परिसङ्घले गरेको अध्ययनमा व्यवसायीले आफ्नो आयको ३५ प्रतिशतसम्म घूसमा खर्च गर्नुपरेको तथ्य बाहिर ल्याएको थियो। तात्पर्य बाहिरी लगानीका कुरा जति गरिए पनि सुधारका काम अपेक्षित हुन सकेको अवस्था छैन। लगानीकर्ताले तथ्याङ्कगत सुधारलाई भन्दा त्यसमा प्रक्रिया र नीतिगत प्रत्याभूति खोज्छन्।

विद्युत्को अनियमित आपूर्तिले एकातिर घरेलु ग्राहकहरू हैरानी बेहोर्न बाध्य छन्। उद्योगहरू ठूलो नोक्सानीमा परिरहेका छन्। जलविद्युत् क्षेत्रमा कामभन्दा चर्चामुखी राजनीति बढी हुन थालेको भान भइरहेको छ। यसमा सरकार संवेदनशील हुन आवश्यक छ। प्राधिकरण सुधारका प्रयासहरू संस्थागत नभएर व्यक्तिगत चर्चा र व्यक्तिकेन्द्रित हुनु स्वयम् प्राधिकरणको संस्थागत स्वास्थ्य र सुशासनका लागि पनि सही अभ्यास होइन।

अकस्मात् बिजुली जाँदा उत्पादनको प्रोसेसिङमा रहेका कच्चा पदार्थ खेर जाने, पार्टपुर्जा बिग्रने आदि कारणले उद्योगले दैनिक क्षति बेहोर्नुपरिरहेको छ। विद्युत् आपूर्ति बन्द भई पुनः उत्पादन प्रक्रिया शुरू गर्दा प्रोसेसिङ खर्च दोब्बर पर्ने गरेको छ। सिमेन्ट र छडजस्ता उच्च विद्युत् खपत गर्ने उद्योगहरूमा गुणस्तरीय र निरन्तर आपूर्तिको आवश्यकता हुन्छ। तर प्राधिकरणले यसको सही समाधान दिन सकेको छैन। यतिसम्म कि लोडसेडिङ अन्त्य भएयता पनि प्राधिकरणले डेडिकेटेडको नाममा उद्योगीहरूलाई चर्को महसूल तिराएको र त्यसको विवाद अहिले पनि कायमै रहेको अवस्था छ। अहिले मुख्य औद्योगिक कोरिडोरहरूको यो मुख्य समस्या बनेको अवस्था छ।

ठूलो परिमाणमा विद्युत् आवश्यक पर्ने सिमेन्ट र छड उद्योगले पर्याप्त र सहजरूपमा बिजुली प्राप्त गर्न सकेका छैनन्। भारतलाई दिने मूल्यमा हामीलाई नै बिजुली देऊ भनेर उद्योगीहरू भनिरहेका छन्, तर सरकार बाहिरको बजार खोज्न व्यस्त छ। आन्तरिक बजार बढाउने काममा सरकार लागेको छैन। बाहिरी बजारमैं बिजुली बेच्न पनि सस्तो उत्पादनको खाँचो छ। र विद्युत् उत्पादनको लागत घटाउनेमा सरकारको प्रयास देखिएको छैन। उत्पादनको नीतिगत र प्रक्रियागत सुधार नभएसम्म यो सम्भव पनि छैन। भारत नेपालको मुख्य लक्षित बजार हो। तर भारतले आज सौर्य ऊर्जामा निकै प्रगति गरिरहेको छ। नेपालमा भन्दा सस्तो बिजुली भारतमा उत्पादन भइरहेको अवस्थामा उसले हाम्रो महँगो बिजुली किन्छ भनेर दौडाहा लगाइराख्नुको कुनै अर्थ देखिंदैन।

विद्युत् उत्पादन बढिरहेको सन्दर्भमा प्रसारण लाइनको अपर्याप्तता र गुणस्तरविहीनताका कारण आपूर्ति नियमित हुन नसकेको हो। प्रसारण लाइन बनाउने जिम्मेवारी पनि प्राधिकरणकै हो। यस अर्थमा अबको ध्यान उत्पादनसँगै प्रसारण लाइनमा पनि हुनुपर्दछ। अध्ययनले विद्युत् उत्पादनमा नेपालको क्षमता उपयोग र प्रसारण लाइन निर्माणका लागि ४१ खर्ब रुपैयाँ आवश्यक देखाएको थियो।

यो रकमका लागि पनि स्वदेशीसँगै बाह्य लगानी चाहिन्छ। यसका लागि पनि सरकारले उत्पादनका प्रक्रिया र पद्धतिलाई सुलभ र सहज बनाउने नीतिगत व्यवस्था मिलाउनै पर्दछ। अन्यथा उत्पादन र वितरणका अवरोधहरूले निकास पाउने सम्भावना देखिंदैन। अहिले विद्युत् आपूर्तिलगायत अन्य क्षेत्रमा देखिने खालका उल्लेख्य काम हुन सकेको छैन। जलविद्युत् क्षेत्रमा अनावश्यक राजनीतिक छिराइएको छ र यसको मूल समस्या समाधानभन्दा चर्चाका लागि काम हुन थालेका छन्।

स्वदेशमा उत्पादन भएको विद्युत् प्रसारण लाइनको अभावका कारण खेर जाने र प्रसारणमा जोडिएको पनि उपयोगको अभावमा खेर जाने अवस्था छ। अझै पनि उद्योगले बिजुली नपाउँदा महँगो डिजेल प्रयोग गर्नुपरिरहेको छ। तर वर्षायाममा विद्युत् खेर जान थालेको छ भनिन्छ। त्यसैले तत्कालका लागि देशभित्रै यसको खपत हुने अवस्था बनाइनुपर्छ। विद्युत् निर्यात गरेर धनी बन्ने कि विद्युत् खपत स्वदेशभित्रै गराइ औद्योगिक विकासतर्फ लम्कने भन्ने विषयमा विवाद भएपनि स्वदेशमा खपत बढाउनु नै सर्वोत्तम उपाय हो। यो उपाय प्रतिस्पर्धी अर्थतन्त्र निर्माणमा महत्त्वपूर्ण आधार बन्नेछ।

## मोटरसाइकल चोरीमा तीनजना पक्राउ

प्रस, वीरगंज, २३ असोज/

जिल्ला प्रहरी कार्यालय पर्साले मोटरसाइकल चोरीको कसूरमा तीनजना युवकलाई पक्राउ गरेको छ।

जिप्रका पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले शुक्रवार दिउँसो वीरगंज-१० आदर्शनगरस्थित प्रभु बैंकअगाडिबाट ना.४८प ९३६१ नम्बरको मोटरसाइकल चोरी भएको र सो चोरी गर्ने कार्यमा संलग्न तीनजनालाई पक्राउ गरिएको बताए।

उनले वीरगंज-२ छपकैयाका २४ वर्षीय अरमान देवान, २७ वर्षीय सहमत अन्सारी र ३० वर्षीय सद्दाम अन्सारीलाई पक्राउ गरी चोरी मुद्दामा कारबाई अगाडि बढाएको बताएका छन्।



## सालको कचडासहित एकजना पक्राउ

प्रस, बिरुवागुठी, २३ असोज/

पर्साको राष्ट्रिय वन बडनिहारनजीकबाट चोरी तस्करी गरी ल्याउँदै गरेको अवस्थामा सालको गोलिया कचडासहित एकजनालाई वन सुरक्षा गस्ती टोलीले पक्राउ गरेको छ।

सालको गोलिया कचडा साइकलमा ल्याउँदै गरेको अवस्थामा सबडिभिजन वन कार्यालय बडनिहारका सुबेदार प्रदीप तिमिल्सिनाको कमान्डमा खटेको टोलीले पर्सागढी नपा-४ बर्वाटाँडी निवासी २५ वर्षीय सोनालाल सहनीलाई पक्राउ गरेको थियो। पक्राउ परेका सहनीलाई आवश्यक कारबाईको लागि सबडिभिजन वन कार्यालय बडनिहारमा राखिएको सुबेदार तिमिल्सिनाले बताए।

## बिदामा सरकारी गाडी चलाउन रोक

प्रस, विन्ध्यवासिनी, २३ असोज/

पकाहामैनपुर गाउँपालिकामा शनिवार सरकारी गाडी चलाउँदै गरेको अवस्थामा पकाहामैनपुर युवा सञ्जालले रोकेको छ।

नियमले विनाकाम शनिवार सरकारी गाडी चलाउन रोक लगाए पनि पकाहामैनपुर गापा अध्यक्ष विजयकुमार चौरसियाले चलाउँदै गरेको अवस्थामा वडा नं २ मधुवनीमा युवा सञ्जालका युवाहरूले गाडी रोकेका थिए।

गापा अध्यक्ष चौरसिया चढेको ना.१झ १६८६ नम्बरको स्कार्पियो युवा सञ्जालले रोकी सोबारे प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेलाई जानकारी गराएको थियो। फोनमार्फत युवा सञ्जालले जानकारी गराउँदा प्रजिअ घिमिरेले मौखिकरूपमा एकपटकको लागि छोड्न भनेका थिए।

आगामी शनिवार वा बिदाका दिन सवारीसाधन चलाउन परे पास लिएर मात्र चलाउनुपर्ने सहमति भएपछि सञ्जालका युवाहरूले गाडी छोडेका थिए।

## आगामी चुनावमा काङ्ग्रेसको बहुमत -नेता रिजाल

प्रस, सेढवा, २३ असोज/

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य रमेश रिजालले एमालेको दुई तिहाइ बहुमतको सरकारले देशमा अराजकता फैलाएको आरोप लगाएका छन्। उनले देश चलाउन नेपाली काङ्ग्रेस मात्रै सक्षम रहेको दाबी गर्दै आगामी चुनावमा काङ्ग्रेसले बहुमतको सरकार बनाउने दाबी पनि गरे।

जीराभवानी गाउँपालिका-२ सेढवामा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा बोल्दै उनले आगामी चुनावमा काङ्ग्रेसको बहुमतको सरकार बनाउनका लागि कार्यकर्ताहरूलाई अहिलेदेखि नै सक्रियता बढाउन सुझाए। उनले चुनावलाई लक्षित गर्दै जनसेवामा समर्पित भएर लाग्न कार्यकर्ताहरूलाई अपील पनि दिए।




नेपाली काङ्ग्रेस जीराभवानी गापाका सभापति दिनेश चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रदेशसभा सदस्य शङ्करप्रसाद चौधरी, महासमिति सदस्य वशिष्टनारायण कुर्मी, बृहष्पतिकृष्ण श्रेष्ठ, क्षेत्रीय सभापति रमेश पाण्डे, प्रदेशसभा सभापति श्रीकान्त यादवलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सञ्चालन सरोज चौरसियाले गरेका थिए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# अमेरिका र चीनका प्रमुख व्यापार प्रतिनिधिबीच वार्ता

वाशिङ्टन, २३ असोज/एएफपी

अमेरिकी व्यापार प्रतिनिधि क्याथरिन ताई र चिनियाँ उपप्रधानमन्त्री लिउ हेबीच वाशिङ्टनले आफूमाथि अन्याय मानेका चिनियाँ व्यावसायिक अभ्यासबारे छलफल गरेका छन् ।

अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा सम्बन्ध बिग्रिएपछि विश्वका दुई ठूला अर्थतन्त्रका मुख्य व्यापार प्रतिनिधिबीच भएको यो दोस्रो परामर्श हो ।

यी दुई अधिकारीबीच यस पहिले गत मेमा पनि दुई देशबीचको व्यापार सम्बन्धबारे छलफल भएको थियो ।

अमेरिकी व्यापार प्रतिनिधिले शुक्रवार जारी वक्तव्यमा भनेको छ, "उनीहरूबीचको सोहार्द्र आदानप्रदानका क्रममा राजदूत ताई र उपप्रधानमन्त्री लिउले द्विपक्षीय व्यापार सम्बन्धको महत्त्व र यसले संयुक्त राज्य अमेरिका र चीनलाई मात्र नभई विश्व अर्थतन्त्रमा समेत पारेको प्रभावलाई मनन गरेका छन् ।"

यस छलफलबारे चिनियाँ राज्य सञ्चालित समाचार संस्था सिन्ह्वाले दुई पक्षले 'व्यावहारिक र रचनात्मक कुराकानीलाई सोहार्द्रपूर्ण वातावरणमा आदानप्रदान गरेका बताएको छ। वार्तामा दुवै पक्षले आफ्नो मुख्य चिन्ता व्यक्त गरेका र परामर्शद्वारा एकअर्काको वैध चिन्ता समाधान गर्न सहमत भएका सिन्ह्वाले बताएको छ । शुक्रवारको छलफल संयुक्त राज्य अमेरिका र चीनको लागि जिम्मेवाररूपमा व्यवस्थापन गरिएको व्यापारिक सम्बन्ध निर्माण गर्ने प्रतिबद्धता गर्ने अवसर रहेको एक अमेरिकी अधिकारीले नाम उल्लेख नगर्ने शर्तमा बताए ।

चिनियाँ पक्षको गैरबजार नीति र अभ्यासले अमेरिकी श्रमिक, किसान र व्यवसायलाई हानि पुऱ्याएको अमेरिकी बुझाइ रहेको ताईको भनाइ छ ।

बाइडेन प्रशासनका अनुसार राष्ट्रिय



तस्वीरः फाइल

कम्पनीका लागि चीनले आफ्ना उद्यमीलाई उपलब्ध गराएको बृहत् सरकारी अनुदान, बौद्धिक सम्पत्ति चोरी र अन्य कारकले व्यापारिकजगत्मा अत्यधिक असमानता पैदा गरेको देखिएको छ । वाशिङ्टनले अन्यायपूर्ण ठानेका व्यापारिक अभ्यासलाई उद्धृत गर्दै सन् २०१८ मा ३७० अर्ब डलर मूल्यका चिनियाँ उत्पादनमा कर लगाउने निर्णय तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गरेका थिए ।

धेरै अमेरिकी कम्पनीले ट्रम्प प्रशासनको उक्त कदमले लागत बढाएको भन्दै थप कर लिने निर्णयको विरोध गरेका थिए ।

यसै वर्षको जनवरीमा कार्यभार सम्हालेका बाइडेनले ताईलाई चीनप्रति अमेरिकी व्यापार रणनीति र ट्रम्पले शुरू गरेको करको विस्तृत समीक्षा गर्न आग्रह गरेका छन् ।

यस हप्ता ताईले लक्षित शुल्क रोक्ने प्रक्रियाको थालनी गर्ने घोषणा गरेकी थिइन् । ताईले सद्भावना इशाराभन्दा चीनलाई आपूर्तिको वैकल्पिक स्रोत नभएका अमेरिकी कम्पनीलाई क्रमबद्धरूपमा छुट प्रदान गर्ने कुरा बताइन् ।

अमेरिकी व्यापार वार्ता टोलीले चीनको अमेरिकी सामानमाथिको कर नीतिको बारेमा सार्वजनिकरूपमा जानकारी गराउने कुरा बतायो ।

यो प्रक्रियालाई अक्टोबर १२ देखि डिसेम्बर १ सम्म चलाउने र युएसटिआरले रोजगार, आपूर्ति शृङ्खला र चीनप्रति यसको समग्र नीतिलगायतका कारकमा थप कर र सामान बहिष्कारको प्रभावलाई तौलने कुरा बताएको छ। शुक्रवार ताईले अमेरिकी हितको सर्वोत्तम सेवा गर्ने नीति पछ्याउने बाइडेनको लक्ष्यलाई दोहोऱ्याएकी थिइन्। रासस

# राजनीतिक सङ्कट अन्त्यका लागि अफगान नागरिक समाजको आह्वान

पन्जशिर, २३ असोज/एएनआई

अफगान नागरिक समाजका प्रतिनिधिले पार्टीलाई लडाइँ रोक्न र वार्ता तालिकामा फर्कन आह्वान गरेका छन् ।

मध्य अफगानिस्तानमा संयुक्त राष्ट्रसङ्घको सहकार्यमा सञ्चालित कार्यक्रमको शृङ्खलामा खासगरी पन्जशिर, परवान र कपिसा प्रान्तका धार्मिक संस्था, नागरिक समाज, महिला परिषद्लगायतका क्षेत्रमा प्रतिनिधित्व गर्ने वक्ताले हिंसा, सशस्त्र द्वन्द्व र ज्यान गुमाउनुको कुनै औचित्य नरहेकोमा जोड दिएका हुन् । उनीहरूले सबै अफगानीको हित शान्ति वार्ताको केन्द्रमा हुनुपर्ने बताए।

अफगान अधिकारकर्मी शय्या महराबानले भनिन्, "महिला र युवा अफगान युद्धबाट बढी पीडित बनेकाले अब यो समूह नै युद्धको विपक्षमा हुने बहसमा अग्रसर हुनुपर्छ ।"

"युवाले एकअर्कालाई विश्वस्त पार्नुपर्छ कि युद्ध यसको समाधान होइन। हामी सबै दुःख भोगिरहेका छौं र युद्धमा मारिएका छौं । युवाबीचको वैमनस्यता रोकिएमा युद्ध अवश्य टुङ्गिन्छ ।"

कापिसा प्रान्तीय परिषद्का पूर्वसदस्य नजिबुल्लाह रहिमीले युद्धलाई सरिया र अन्तर्राष्ट्रिय कानूनले निषेध गरेकाले युद्ध अन्त्य गर्नु अबको पहिलो काम भएको बताए ।

उनले भने, "युद्ध रोक्न आफ्नो भूमिका निर्वाह गर्नु हरेक अफगानको धार्मिक र नैतिक जिम्मेवारी हो । अफगानीले लामो समय युद्धमा बिताउनुपरेको छ, अब पनि युद्ध भए यसलाई अफगानी नागरिकले सहन सक्ने छैन ।"

अर्का वक्ता शर्मिला बेगीले तर्क र शान्तिपूर्ण माध्यमद्वारा एकअर्काको विचारलाई सहनु र आदर गर्नु महत्त्वपूर्ण छ भनी जोड दिइन् ।

उनले अब अफगानिस्तानमा शान्तिको विकल्प नभएको भन्दै सबै जातीय, धार्मिक र क्षेत्रीय मतभेदलाई वार्ताद्वारा सम्बोधन गरी युद्ध अन्त्य गर्नु देश र जनताको हितमा हुने बताइन् ।

अफगान महिला अधिकारकर्मी रोया साबेतले "युद्धले हाम्रो व्यक्तिगत, पारिवारिक र सामाजिक जीवनमा नराम्रो असर पारेको र खासगरी महिलाका लागि बढी कष्टकर बनाएको" स्मरण गरिन् ।

युद्धरत पक्षले एकअर्कालाई आक्रमण गर्ने काम रोकी नयाँ र समृद्ध अफगानिस्तान निर्माणमा जुट्न रोया सबेतले आग्रह गरिन् ।

उक्त कार्यक्रममा पन्जशिरका धार्मिक विद्वान् मौलवी अहमदुल्ला हाशेमिनाजादले भने, "अफगानिस्तानका जनताले विश्वकै सबैभन्दा लामोमध्येको एक युद्ध लडेको र यसका कारण अफगानिस्तानले ठूलो क्षति बेहोरेको छ । अब पनि अफगानिस्तानमा युद्ध जारी रहनु दुर्भाग्य हुनेछ ।"

विभिन्न संस्था र मानव अधिकार तथा प्रबुद्ध व्यक्तिसँग सहकार्य गरेको युएनएले सुविधासम्पन्न रेडियो शृङ्खलाको आयोजना तथा प्रसारण गरेको हो। रासस

# जर्मनीका विद्यालय सामान्य अवस्थामा फर्किने

बर्लिन, २३ असोज/सिन्ह्वा

जर्मनीका विद्यालय अब चाँडै नै सामान्य अवस्थामा फर्किने भएका छन्।

देशभरका सबै विद्यालयमा अब पूर्ववत् अवस्थामा झैं अध्ययन अध्यापनको कार्य हुने सरकारी उच्च अधिकारीले जानकारी दिएका छन् ।

कोरोना भाइरसको डेल्टा भेरियन्ट फैलिए पनि विद्यालय सञ्चालन गर्ने तयारी भइरहेको शिक्षा तथा संस्कृति मामिला मन्त्रीले शुक्रवार बताए ।

"कोरोना भाइरसको महामारी र अध्ययन अध्यापन कार्यका बीचमा तालमेल मिलाएर लैजानुपर्ने भएको छ, लामो समयसम्म यस्तै अवस्था गराइरहन सकिंदैन," उनले भने ।

उनले विद्यार्थीको कोरोना परीक्षण पनि तीव्र र निरन्तररूपमा भइरहेको पनि जानकारी दिए ।

देशमैं पहिलोपटक सरल्यान्ड प्रदेशका विद्यालयमा गत हप्ता नै प्रतिबन्धात्मक व्यवस्था खुकुलो बनाइएको छ ।

त्यसैगरी, बाभारिया र बर्लिनमा पनि मास्क लगाउनुपर्नेलगायतका केही मापदण्ड पालना गरी अन्य कुरामा सजिलो बनाइएको छ ।

जर्मनीमा अहिले दैनिक औसतमा ३०० का दरले कोरोना भाइरसबाट नयाँ सङ्क्रमित हुने गरेको सरकारी अधिकारीले जनाएका छन् । रासस


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


### आजको राशिफल

| | |
|---|---|
| मेष – रोगभय | वृष – यात्रालाभ |
| मिथुन – कडापरिश्रम | कर्कट – ज्ञानोदय |
| सिंह – उदरपीडा | कन्या – विजय |
| तुला – धनलाभ | वृश्चिक – भाग्योदय |
| धनु – बेचैनी | मकर – मनोरञ्जन |
| कुम्भ – कर्मप्राप्ति | मीन – प्रगति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# गुप्ताको सम्मानमा कार्यक्रम

प्रस, वीरगंज, २३ असोज/

राष्ट्रिय सरोकार मञ्च नेपाल नारायणी र क्रियाशील पत्रकार मञ्च पर्साले संयुक्तरूपमा वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्तालाई सम्मान गरेको छ ।

फ्रान्सको युरोपियन इन्टरनेशनल युनिभर्सिटीद्वारा ग्लोबल लिडरशिप एन्ड म्यानेजमेन्टमा 'प्रोफेशनल डक्टरल' सर्टिफिकेटबाट सम्मानित भएका अध्यक्ष गुप्तालाई शनिवार सरोकार मञ्चका अध्यक्ष नन्दकिशोर गोयल र पत्रकार मञ्चका अध्यक्ष प्रणय साहले दोसल्ला, टोपी र सम्मानपत्रसहित सम्मानित गरेका थिए ।

मञ्चका अध्यक्ष गोयलको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासङ्घका प्रदेश महासचिव श्याम बन्जारा, प्रहरी उपरीक्षक बेलबहादुर पाण्डे, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक टीका पोखरेल, वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सहजीकरण सूर्यनारायण विकले गरेका थिए ।



अध्यक्ष गुप्तालाई सम्मानित गर्दै सरोकार मञ्चका अध्यक्ष गोयल। तस्वीरः सौजन्य

## उपेन्द्र यादवको पुतला दहन

प्रस, वीरगंज, २३ असोज/

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवको शनिवार वीरगंजमा पुतला दहन गरिएको छ । जसपाका सांसद प्रदीप यादवलाई मन्त्री नबनाएको आक्रोशमा उनका समर्थकहरूले वीरगंजको घण्टाघरमा आज बिहान पुतला दहन गरेका हुन् ।

वीरगंजमा मोटरसाइकल ऱ्याली निकाली समर्थकहरूले विरोध जनाउँदै नाराबाजी पनि गरेका थिए ।

ऱ्यालीमा सहभागीहरूले वीरगंजलाई ठग्न पाईंदैन, उपेन्द्र यादव मुर्दाबाद, व्यक्तिवादी राजनीति चल्दैन जस्ता नाराबाजी गरिएको थियो ।

मन्त्री सूचीबाट सांसद प्रदीप यादवको नाम हटेपछि हिजै साँझदेखि सामाजिक सञ्जालमा जसपा अध्यक्ष उपेन्द्र यादवविरुद्ध सांसद यादवका समर्थकहरूले विरोध शुरू गरेका थिए। जसपा पर्साका अध्यक्ष रामनरेश यादवले पार्टीको निर्णय सर्वोपरि भएको भन्दै विरोधमा उत्रिएका कार्यकर्तालाई संयमित रहन आग्रह गरेका छन् ।

# परवानीपुरमा शुभकामना आदानप्रदान

प्रस, वीरगंज, २३ असोज/

परवानीपुर गाउँपालिका–३ लिपनी, बारामा बडादशैं, तिहार र छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ। परवानीपुर युवा समाजको आयोजनामा कार्यक्रम सम्पन्न भएको हो ।




तस्वीरः प्रतीक

समाजका अध्यक्ष धनराज गुप्ताको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि नेकपा एमाले बाराका अध्यक्ष देवनारायण चौधरीले परवानीपुर युवा समाजमा आबद्ध युवाहरूलाई सामाजिक विकृतिविरुद्ध कदम चाल्न आग्रह गरे । उनले समाजमा विभिन्नखाले विकृतिले अहिलेसम्म जरो गाडेकाले सोविरुद्ध युवाहरूको कदम प्रभावकारी हुने दाबी गरे । कार्यक्रममा नेकपा एमाले प्रदेश कमिटी सदस्य जयप्रकाश यादवले राजनीतिको नाममा मौलाएको सामाजिक विकृतिविरुद्ध लाग्न युवाहरूलाई आग्रह गरे। नेकपा एमाले प्रदेश कमिटी सदस्य रामपाल यादवले समाज युवाविना अगाडि बढ्न नसक्ने भएकोले एकताबद्ध भएर लाग्न सुझाए।

कार्यक्रममा नेकपा एमाले प्रदेश कमिटी सदस्य अमर यादव, नेताहरू रामक्षत्री पटेल, भदई मियाँ, नेपाली काङ्ग्रेसका नेता शिवशङ्कर पटेल, अनेरास्ववियुका केन्द्रीय सदस्य प्रशान्त यादव, युवा समाजका उपाध्यक्ष गोविन्द यादव, सचिव हुलास यादव, सदस्य डा अशोक यादव, आदेश यादव, राजेश यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए।


### 'ज्येष्ठ नागरिकलाई सम्मान गरौं'

- ज्येष्ठ नागरिकलाई सम्मान, आदर र सहजताको लागि उन्नत संस्कृतिको विकास गरौं ।
- उहाँहरुसँग रहेको अपार ज्ञान, सीप र अनुभवलाई महानगरको विकासमा उपयोग गरौं ।

**वीरगंज महानगरपालिका**



## CAREER IN BANKING

**Everest Bank Limited,** a leading commercial bank having wide network of branches all over Nepal is seeking applications from qualified, energetic and self-motivated Nepalese citizens meeting following eligibility criteria for the position of **Junior Assistant** to be posted at various branches/offices of the Bank.

**Essential Criteria:**

- **Qualification:** Minimum bachelor's degree with not less than 45% marks/CGPA 2 or above from recognized University.
- **Age:** Should not exceed 26 years as on last date of application.

**Preferential Criteria:**

- Having excellent communication in English and Nepali.
- Having working knowledge of computer.
- Having banking experience.

The selected candidates shall be placed on probation period for 6 months. After confirmation (subject to satisfactory performance) the monthly salary will not be less than Rs. 40,000/-. In addition, the candidate will get the bonus, provident fund, gratuity and other perquisites as per Bank's rule.

Only shortlisted candidates will be called for written test followed by an interview. The written test may be conducted at **Kathmandu, Biratnagar, Narayanghat, Birgunj, Pokhara, Butwal, Nepalgunj and Dhangadhi** centers subject to sufficient number of applications. The candidate should indicate their preference of posting province wise and one of these centers for written test.

The Bank reserve the right to reject any/all applications without assigning any reason whatsoever. Canvassing at any stage of the recruitment process shall render the candidate ineligible.

**Please apply before 5th Kartik, 2078 (22nd October, 2021):**
You can apply online, Log on to **www.globaljob.com.np** and Click **"Apply Now"** icon below the respective job.

GlobalJob

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with punjab national bank, India)
Consistent, Strong & Dependable

# समाजबाट छुवाछूत हटाउनुपर्छ –नगरप्रमुख यादव

प्रस, पर्सागढी, २३ असोज/

पर्सागढी नगरपालिका– ७ स्थित रविदास मन्दिरमा रविदास मिसन



तस्वीरः प्रतीक

नेपालको जिल्लास्तरीय भेला सम्पन्न भएको छ। रामाश्रेय रामको अध्यक्षतामा सम्पन्न भेलाको उद्घाटन नगरप्रमुख लोकनारायण यादवले गरेका थिए। सो अवसरमा उनले समाजबाट छुवाछूत हटाउनुपर्ने बताए। अहिलेको समयमा शिक्षा र ज्ञानको कुरा छाडेर छुवाछूत जस्तो समाजको विकृतिलाई अँगालेर हिंड्ने हो भने समाजले कहिले प्रगति गर्न नसक्ने बताए। उनले अहिले पनि पुरानै सोचमा समाज अघि बढिरहेकोमा चिन्ता व्यक्त गरे। उनले रविदास मन्दिरमा भौतिक सुधारका साथै मन्दिरको व्यवस्थापन नगरपालिकाबाट गरिने घोषणा गरे। भेलाले ३८ सदस्यीय जिल्ला समिति गठन गरेको छ।

जवाहिर रामको अध्यक्षतामा गठित समितिको वरिष्ठ उपाध्यक्ष रामप्रीत राम, वासुदेव राम, सचिव वर्मानन्द नेपाली र कोषाध्यक्षमा सविता देवीलगायत छन्।

कार्यक्रममा वडाध्यक्ष किसुनदेवप्रसाद यादव, काङ्ग्रेसका नगर संयोजक विश्वमोहन दास, प्रदीप चौरसिया, अशोक साह, रविदास मिसन प्रदेश २ का अध्यक्ष विक्रम राम, उपाध्यक्ष सत्यनारायण राम, सदस्यहरू प्रह्लाद राम, मोतीलाल रामलगायतले मन्तव्य व्यक्त गरेका थिए।

# बडादशैंको उपलक्ष्यमा ब्राह्मण समाज नेपालको शुभकामना आदानप्रदान

प्रस, वीरगंज, २३ असोज/

ब्राह्मण समाज नेपाल, पर्साले बडादशैंको उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रम गरेको छ।

वीरगंज महानगरपालिकाको रानीघाटस्थित श्री रामजानकी मन्दिर धर्मशालामा समाजका अध्यक्ष हरिनारायण मिश्रको अध्यक्षतामा भएको कार्यक्रममा प्रमोदकुमार पाण्डेले संस्कृतमा तयार पारेको कविता वाचन गरेर शुभकामना व्यक्त गरेका थिए।

कार्यक्रममा पण्डित पुरुषोत्तम दुबेले दशैंको महत्त्व तथा देवी भगवतीको उत्पत्तिबारे वर्णन गरेका थिए। डा सुरेन्द्रनाथ तिवारीले असत्यमाथि सत्यको विजयी दिवसको रूपमा पुरातनकालदेखि दशैंको महत्त्व रहेको चर्चा गरे। घनश्याम सापकोटाले भोजपुरी कविता वाचन गरी शुभकामना व्यक्त गरे। सचिव बृजमोहन तिवारीको सहजीकरणमा सम्पन्न कार्यक्रममा श्यामकिशोर तिवारीले स्वागत मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा देवनाथ उपाध्याय, लक्ष्मीकान्त तिवारी, नरेन्द्र तिवारी, डा आनन्द द्विवेदी, बिन्दा मिश्र, ललन द्विवेदी, शत्रुघ्न तिवारीलगायतको सहभागिता थियो।


**खोप लगाऔं सुरक्षित रहौं**
**खोप लगाएपछि पनि**

- मास्कको नियमित प्रयोग गरौं,
- अत्यावश्यक परे मात्र बाहिर निस्कौं,
- भीडभाडबाट बचौं,
- कसैलाई भेट्नैपर्दा दुई मिटरको दूरी कायम गरौं,
- साबुनपानीले हात धोऔं,
- साबुनपानी उपलब्ध नभए सेनिटाइजरको प्रयोग गरौं,
- शङ्का लागे तुरुन्त स्वास्थ्य परीक्षण गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## खेलकूदको संसार

# इपिएलको उपाधि चितवन टाइगर्सले जित्यो

काठमाडौं, २३ असोज/रासस

चौथो संस्करणको एभरेस्ट प्रिमियर लिग (इपिएल) टी–ट्वान्टी क्रिकेट प्रतियोगिताको उपाधि चितवन टाइगर्सले जितेको छ। कीर्तिपुरस्थित क्रिकेट मैदानमा शनिवार भएको फाइनल खेलमा पोखरा राइनोजलाई चार विकेटले पराजित गर्दै चितवनले उपाधि जितेको हो। चितवनले पहिलोपटक उपाधि जितेको हो। उपाधिसँगै चितवनले रु ५० लाख प्राप्त गरेको छ। त्यस्तै, उपविजेता बनेको पोखराले रु १५ लाख पायो।



पोखराले दिएको ११२ रनको लक्ष्य चितवनले १५ दशमलव पाँच ओभरमा छ विकेट गुमाएर पूरा गऱ्यो। चितवनको जीतमा भीम सार्कीले ६३ रनको अर्धशतकीय पारी खेले। उनले ४५ बलमा सात चौका र दुई छक्का प्रहार गरे। यस्तै, दिलीप नाथले १८ रन जोड्दा राजेश पुलामीले १४ रन बनाए। त्यस्तै, मोहमद साहजदले ११ रन जोडे भने कप्तान सोमपाल कामी चार रनमा अविजित रहे।

पोखराका किशोर महतोले चार विकेट लिए भने नन्दन यादवले दुई विकेट झारे। त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको पोखरा १७ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै १११ रनमा समेटिएको थियो। पोखराका लागि असेला गुनारत्नेले सर्वाधिक ३४ रन बनाए भने रिचार्ड लेभीले २६ रन जोडे। विपिन रावलले १७, कप्तान विनोद भण्डारीले २२ तथा किशोर महतो एक रनमा अविजित रहे।

त्यस्तै, विवेक यादव चार, रीत गौतम दुई, सहन अर्चाचिगे दुई, विक्रम सोब एक रनमा आउट हुँदा लोकेश बम र नन्दन यादव खाता नखोली पेभेलियन फर्किए। पोखरालाई सस्तैमा समेट्ने क्रममा चितवनका कमलसिंह ऐरीले चार विकेट लिए। यस्तै, करिम जनत र सेकुग्गे प्रसन्नले दुई/दुई विकेट लिए। सोमपाल कामी र सागर ढकालको नाममा एक/एक विकेट रह्यो।

व्यक्तिगत विधातर्फको उपाधि पनि चितवनकै वर्चस्व रह्यो। चितवनका स्पिनर सागर ढकाल 'प्लेयर अफ द सिरिज' (सर्वोत्कृष्ट) चुनिए। उपाधिसहित उनले २०० सिसीको मोटरसाइकल प्राप्त गरे। त्यस्तै, चितवनकै भीम सार्की उदीयमान खेलाडी (इमर्जिङ प्लेयर) चुनिए। चितवनकै कमलसिंह ऐरीले 'डेर टु ड्रिम' पुरस्कार पाए। भीम र कमलले जनही रु ५१ हजार प्राप्त गरे।





